# कोभिड-१९ बाट उत्पन्न वर्तमान परिस्थितिमा मानव अधिकारको सम्मान र संरक्षणको लागि राष्ट्रिय मानव अधिकार आयोगको

# अपील

१. सामाजिक दूरी कायम राख्दै विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ पूर्ण रुपमा नियन्त्रणको लागि नेपाल सरकारबाट जारी 'लकडाउन' र निर्देशनको पूर्ण पालना गरी नागरिक कर्तव्य निर्वाह गरौं ।

२. 'लकडाउन'मा सबै प्रकृतिका बिरामीहरुको स्वास्थ्य उपचार र बसोबासको पहुँच सुनिश्चित गरी जीवनको अधिकार प्रत्याभूति गरौं ।

३. कोभिड-१९ को त्रासदीको यस अवधिमा बालबालिका, गर्भवती महिला, सुत्केरी, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बिरामी, असहाय, श्रमिक एवम् सीमान्तकृत समुदायको अधिकार संरक्षणमा विशेष जोड दिऔं ।

४. वैदेशिक रोजगार, अध्ययन वा अन्य कुनै कामको लागि विदेशमा रहेका नेपाली नागरिकहरुको आधारभूत अधिकारको सुनिश्चित गर्नु राज्यको दायित्व भएकोले उनीहरुको अधिकार संरक्षणमा ध्यान पुऱ्याऔं ।

५. बिना विभेद, सुलभ मूल्यमा मिसावटरहित, गुणस्तरीय दैनिक उपभोग्य सामग्रीको पहुँच सुनिश्चित गरी उपभोक्ताको संवैधानिक अधिकार रक्षा गरौं ।

६. कोभिड-१९ को उपचारमा अहोरात्र खटिएका सम्पूर्ण चिकित्सक, स्वास्थ्यकर्मीहरु, सुरक्षाकर्मी तथा कर्मचारीहरु र उनीहरुको परिवारको समेत आवश्यक स्वास्थ्य सुरक्षा सुनिश्चित गरौं ।

७. विपद्को समयमा हुन सक्ने महिला हिंसा/घरेलु हिंसा/लैंगिक हिंसा, अपाङ्गता भएका व्यक्तिमाथि हुने हिंसा र विभेद विरुद्व सकृय रहौं ।

८. कोभिड-१९ को अवधिमा मानव अधिकारको सम्मान र संरक्षणमा संयमित र जिम्मेवार बनौं ।

९. कोभिड-१९ को पूर्ण रुपमा नियन्त्रण नभएसम्म कसैको मानव अधिकार प्रचलनमा अवरोध भएमा राष्ट्रिय मानव अधिकार आयोगको केन्द्रीय कार्यालय हरिहरभवन, ललितपुरको हटलाइन ०१ ५० १०० १५ प्रदेशस्थित आयोगका कार्यालयहरु वा तथा जिल्लास्थित नेपाल बार एशोसियसन, नेपाल पत्रकार महासंघ तथा गैरसरकारी संस्था महासंघ नेपालका जिल्लास्थित कार्यालयहरुमा सम्पर्क गरौं ।